समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

पत्र संख्या: ०८१/८२

चलानी नं: २४८१

कोशी प्रदेश,नेपाल

मितिः २०८१/१२/३१

**विषयः-शुल्कको सीमा निर्धारण सम्वन्धमा।**

**श्री सबै संस्थागत विद्यालयहरू,**
**इलाम नगरपालिका, इलाम।**

प्रस्तुत विषयमा इलाम नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/१२/३१ गतेको बैठकको निर्णयानुसार देहायका बुँदा सुनिश्चित हुने गरी शैक्षिक सत्र २०८२ का लागि तपसिलबमोजिम शुल्क समायोजन गरी **अधिकतम शुल्क** सीमा निर्धारण गरिएकोले उक्त सीमाभित्र शुल्क निर्धारण गरी विद्यालय सञ्चालन गर्नु गराउनु हुन अनुरोध छ।

तपसिलः

| क्र.सं. | कक्षा | मासिक शुल्क | वार्षिक शुल्क | नयाँ भर्ना शुल्क |
|---|---|---|---|---|
| १. | नर्सरी | १७०६ | ३४१३ | १७०६ |
| २. | एल.के.जी | १७९२ | ३५८३ | १७९२ |
| ३. | यू.के.जी. | १८४३ | ३६८६ | १८४३ |
| ४. | एक | २०९३ | ४१८६ | २०९३ |
| ५. | दुई | २१९८ | ४३९५ | २१९८ |
| ६. | तीन | २२६० | ४५२१ | २२६० |
| ७. | चार | २३०२ | ४६०५ | २३०२ |
| ८. | पाँच | २३४४ | ४६८८ | २३४४ |
| ९. | छ | २४८१ | ४९६२ | २४८१ |
| १०. | सात | २६०५ | ५२१० | २६०५ |
| ११. | आठ | २६८० | ५३५९ | २६८० |
| १२. | नौ | ३२४२ | ६४८३ | ३२४२ |
| १३. | दश | ३३०० | ६६०१ | ३३०० |
| १४. | एघार | ३५९८ | ७१९५ | ३५९८ |
| १५. | बाह्र | ३६६४ | ७३२८ | ३६६४ |

देहायः

१. निर्धारण गरिएको शुल्क विवरण विद्यालयको सूचना पाटीमा टाँस गर्नुपर्नेछ।
२. विद्यालयमा पहिलो पटक भर्ना हुन आउने बालबालिकाको लागि मात्र नयाँ भर्ना शुल्क लिन पाइनेछ।
३. वार्षिक शुल्क भन्नाले खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, मर्मत संभार, पुस्तकालय, प्राथमिक उपचार बापतको जम्मा शुल्क भन्ने बुझिन्छ।
४. नियमानुसार तोकिएको निःशुल्क छात्रवृत्ति सुनिश्चित गरी सोको विवरण शिक्षा शाखामा बुझाउनु पर्नेछ।

२०८१/१२/३१

राधिका घिमिरे
शाखा अधिकृत
(अधिकृत स्तर आठौं)

बोधार्थः
श्री प्रमुख ज्यू, प्रमुख ज्यूको सचिवालय, इलाम नगरपालिका, इलाम।
श्री उपप्रमुख ज्यू, उपप्रमुख ज्यूको सचिवालय, इलाम नगरपालिका, इलाम।
श्री सबै वडा कार्यालयहरू, इलाम नगरपालिका, इलाम।
श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन।